नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. यस अघि मिति २०७८-०९-२९ मा बसेको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्दा सन्तोषजनक रहेको पाइयो ।

२. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सबै कार्यालयहरूले आ-आफ्नो कार्यालयबाट २०७८ माघ देखि चैत्र महिनासम्म सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण तयार गरी तोकिएको समयमा नै सार्वजनिक गर्ने र जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई समेत उपलब्ध गराउने ।

३. आसन्न स्थानीय तहको निर्वाचनका सन्दर्भमा सम्बन्धित निकायहरूबाट माग गरिएका कर्मचारी लगायतका स्रोत साधनहरूको विवरण तोकिएको समयभित्रै पठाउने कार्यमा आवश्यक सहजीकरण गर्ने ।

भरतमणि पाण्डे
प्रमुख जिल्ला अधिकारी